बैठक नं. १३

आज मिति २०७९/०८/११ गते यस सरावल गाउपालिका गाउकार्यपालिकाको बैठक गाउपालिका अध्यक्ष सुखाडी प्रसाद चौधरीको अध्यक्षतामा तथा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्ताब उपर छलफल गरि निर्णय गरियो |

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुखाडी प्रसाद चौधरी थारु | अध्यक्ष | |
| २ | बासमती चमार | उपाध्यक्ष | |
| ३ | बिष्णु प्रसाद भट्टराइ | सदस्य | |
| ४ | शम्भु प्रसाद चौधरी | सदस्य | |
| ५ | फिरंगी चौधरी | सदस्य | |
| ६ | सुरेश प्रसाद यादव | सदस्य | |
| ७ | लक्ष्मण प्रसाद चौधरी | सदस्य | |
| ८ | छोटेलाल गुप्ता | सदस्य | |
| ९ | हेयात खाँ धुनिया | सदस्य | |
| १० | उर्मिला कुमारी थारु | सदस्य | |
| ११ | कौशिल्या देवी चमार | सदस्य | कौशिला |
| १२ | ज्ञान्त्री कुमारी चौधरी | सदस्य | ज्ञान्त्री |
| १३ | नेमा चौधरी | सदस्य | नेमा |
| १४ | रामनिवास नाउ | सदस्य | |
| १५ | रामानन्द चमार | सदस्य | रामानन्द |
| १६ | दुर्गा पौडेल | सचिव | |
| १७. | तुफानि लाल गुप्ता | का.पा अध्यक्ष-2 | |

अन्यआमन्त्रित सदस्य

१. नारायण पाण्डेय- लेखा अधिकृत
२. कुलदिप नारायण मिश्र -कृषि बिकास शाखा
३. अब्दुल रज्जाक - विपद ब्यबस्थापन फोकल पर्सन
४. मदन पाण्डेय -इन्जिनियर

Scanned with CamScanner

**प्रस्ताव तथा निर्णयहरु:**

**१. गत बैठक समिक्षा सम्बन्धमा |**

प्रस्ताव उपर छलफल गर्दा यस सरावल गाउपालिकाको मिति २०७९/०६/१३ को बैठकको निर्णय सम्बन्धमा बैठकमा छलफल एवं निर्णय कार्यन्वयनको बिषयमा समिक्षा गरियो |

**२. आधारभूत स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा |**

आधारभूत स्वास्थ्य चौकी भवन निर्माण बिशेस अनुदान अन्तर्गत ( वडा न ३,४ र ७) बजेट खर्च शिर्षक न ११.४.२२.१०६३७ ( ३११५९) को बजेट बमोजिम वडा न ३, वडा न ४ तथा वडा न ७ मा नेपाल सरकारको मापदण्ड बमोजिम बहुबर्षीय ठेक्का प्रक्रिया द्वारा आधारभूत स्वास्थ्य चौकी निर्माण गर्ने अख्तियारी कार्यालयलाई दिने निर्णय गरियो |

**३. कृषि पकेट कार्यक्रम संचालन एवं छनौट सम्बन्धमा |**

चालु आ. ब २०७९/०८० मा कृषि बिकास शाखा बाट संचालन हुने पकेट बिकास कार्यक्रम प्रचलित कार्यविधि बमोजिम पकेट प्राबिधिक समितिको अनुगमन एवं मुल्यांकन गरेको सुचकको आधारमा तपशिल बमोजिम समुहलाई कार्यक्रम संचालन गर्न गाउपालिका संग सम्झौता गरि कार्यक्रम संचालन गर्न अनुमति दिने निर्णय गरियो|

तपशिल

| क्र.स | समुहको नाम | छनौट भएको कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | जुनतारा महिला कृषक समुह सरावल-२ मनरी | धानवाली पकेट बिकास कार्यक्रम | |
| २ | तुलसी ज्ञान कृषक समुह सरावल-६ कुर्तावल | गहुबाली पकेट बिकास कार्यक्रम | |

**४. घ बर्गको इजाजत सम्बन्धमा |**

प्रस्तुत बिषयमा "घ" बर्गको इजाजत सम्बन्धमा गाउपालिका कार्यालयमा पेश भएका विभिन्न फर्मको अनुगमन समिति द्वारा अनुगमन गरि प्रचलित कार्यविधि बमोजिम प्रतिवेदन पेश भएपछी प्रमुख प्रसासकिय अधिकृतले कानुन बमोजिम घ बर्गको इजाजत दिने निर्णय गरियो,साथै सोको अधिकार प्रमुख प्रसासकिय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो | सो को लागि तपशिल बमोजिम अनुगमन समिति रहने निर्णय गरियो|

**पूर्वाधार बिकास समितिको संयोजक- अध्यक्ष**
**पूर्वाधार शाखाको इन्जिनियर- सदस्य**
**योजना शाखा प्रमुख - सदस्य**
**प्रसासन शाखा प्रमुख –सदस्य**
**ब्यवसाय दर्ता इकाई कर्मचारी - सदस्य सचिव**

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

Scanned with CamScanner

५. **जग्गा बर्गिकरण सम्बन्धमा।**

प्रस्तुत बिषयमा पालिकास्तरीय भू उपयोग परिषदले गाउपालिकाको भू उपयोग योजना नबनेसम्मका लागि वडास्तरीय समितिको निर्णयानुसार पालिकास्तरीय भू उपयोग परिषदले जमिन बर्गिकरण गरि मालपोत तथा नापी कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो।

६. **विपद ब्यबस्थापन सम्बन्धि योजना सम्बन्धमा।**

प्रस्तुत बिषयमा बेस नेपालको सहयोगमा निर्माण भएको गाउपालिकाको विपद ब्यबस्थापन संग सम्बन्धित तपशिलका योजना स्वीकृत गर्ने निर्णय गरियो।

१. स्थानीय विपद तथा जलवायु उत्थानाशील योजना (LDCRP)

२. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP)

७. **माटोको रोयल्टी सम्बन्धमा।**

प्राकृतिक स्रोतको रोयल्टी प्रदेश कानुन बमोजिम वडा कार्यालयको सिफारिस बमोजिम ल इ तयार गरि राजस्व तिरी अनुमति दिई रोयल्टी लिने निर्णय गरियो।

८. **उपभोक्ता समिति गठनको म्याद सम्बन्धमा।**

चालु आ.ब २०७९/०८० को योजना संचालन गर्न उपभोक्ता समिति गठन को म्याद कार्तिक मसान्त सम्म भएको तर निर्वाचनले गर्दा गठन हुन नसकेकोले मङ्सिर मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

९. **जग्गा एकिन तथा तारबार सम्बन्धमा।**

गाउपालिकाको मुख्य प्रसासनिक भवन तथा वडा न ३ को आधारभूत स्वास्थ्य चौकी भवनको लागि जग्गा चार किल्ला एकिन गरि गाउपालिका कार्यालयमा प्रतिबेदन बुझाउन वडा न ३ का अध्यक्ष फिरंगी चौधरीलाई जिम्मा दिने निर्णय गरियो।

१०. **माछा पोखरी ठेक्का सम्बन्धमा।**

गाउपालिका भित्र विभिन्न वडामा रहेका ठेक्का नभएका माछा पोखरी तथा हुलासी खोला ( गोबरैया देखि बडसार नदि सम्म ) यस भन्दा अगाडी ठेक्का भएको रकमलाइ न्युनतम रकम मानि २ बर्षको लागि डाक बढाबढ गरि सम्झौता गरि कार्यदिश दिन वडा कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो। साथै ठेक्का पट्टा उठाएका व्यक्ति संग राजस्व असुलउपर गर्ने निर्णय गरियो।

११. **छात्रवृत्ति सम्बन्धमा।**

ए बि सी नेपाल र स्ट्रोम फाउन्डेसन को छात्रवृत्ति कार्यक्रम र गाउपालिकाको छात्रवृत्ति म्याचिंग गरि संचालन गरेको छात्रवृति कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सखाडी प्रसाद चौधरी थारु

Scanned with CamScanner

**१२. पालिकाको अस्पताल सम्बन्धमा ।**

गाउपालिका स्तरीय १५ सैयाको अस्पताल वडा न ५ धनगडवामा निर्माण गर्ने भनि मिति २०७९/०५/१० को वडा भेलाले गरेको सो चारकिल्ला भित्र रहेका घरहरु खालि गर्न ३५ दिने सूचना जारि गर्न कार्यालयलाई अख्तियारी दिने साथै अस्पताल भवन निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**१३. धान बालि प्रबर्दन कार्यक्रम सम्बन्धमा ।**

चालु आ.ब २०७९/०८० को लागि शसर्त अनुदान तर्फ बजेट खर्च शिर्षक न २.७.१५.३७३ (२२५२२) को कृषि बिकास शाखाले पेश गरेको कार्यक्रम बमोजिम कार्य गर्ने गरि स्वीकृति एवं अनुमोदन गर्ने निर्णय गरियो ।

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

Scanned with CamScanner